# नेपालको भावी संविधानमा धार्मिक, अल्पसंख्यक मुस्लिम समुदायको अधिकारसँग सम्बन्धीत सरोकारका विषयहरु र संविधानमा सुनिश्चिन हुनु पर्ने अधिकारहरुः

अधिवक्ता अब्दुल अजीज मुसलमान
पार्षद नेपाल कानून व्यवसायी परिषद

**विषयः प्रवेशः-** कुनै पनि मुलुक पूर्ण लोकतान्त्रीक हुनको लागि त्यस मुलुकमा बसोवास गरी आएका विभिन्न जातजाति, वर्ग, समुदायको परम्परा, संस्कृति र धर्मको स्वतन्त्र रुपले अवलम्बन गर्न पाउनु उनिहरुको आधारभूत अधिकार हो । संसारमा धेरै मुलुकहरु लोकतान्त्रीक शासन व्यवस्थामा परिणत भई सकेका छन भने केही मुलुकहरु त्यस तर्फ उन्मुख छन । खास गरी संविधान सभाबाट निर्मित भएको संविधान लागु भएका मुलुकहरु आफूलाई पूर्ण लोकतान्त्रीक मुलुकको रुपमा उभ्याई सकेका छन । हाम्रो मुलुक नेपालमा संविधान सभाबाट संविधान निर्माण हुनु पर्ने कुरा २००७ साल देखि उठदै आएता पनि विगत २०६३ सालमा मात्रै संविधान सभाको निर्वाचन भई संविधान सभा गठन भयो र हाल संविधान सभाले संविधान निर्माणको कार्य अगाडी बढाई रहेको छ । संविधान सभाका विभिन्न समितिहरु गठन भएका छन । ति समितिहरुले प्रायः जसो आफनो मस्यौदाहरु संविधान सभा संमक्ष बुझाई सकेको स्थिती छ । संविधान सभाका समितिहरु मध्ये अल्पसंख्यक, सिमान्तकृत समुदायको हक अधिकारसँग सम्बन्धीत समिति पनि रहेको छ । जसले मुलुकमा बसोवास गरी आएका अल्पसंख्यक पिछडिएका वर्गहरुको हक अधिकार नयाँ संविधानमा के कुन रुपमा समावेश गर्न सकिन्छ भन्ने सन्दर्भमा विभिन्न क्षेत्रका विज्ञहरुसँग छलफल विचार विमर्श गरी आफनो प्रतिवेदन तयार गरी सकेको छ । त्यो प्रतिवेदन खास गरी धार्मिक अल्पसंख्यकको रुपमा रहेको मुस्लिम समुदायको हक अधिकारको सम्बन्धमा जे जति कुराहरु ल्याएको छ, त्यो अपूर्ण छ । मुस्लिम समुदाय इस्लाम धर्मको अवलम्बन गर्दछन इस्लाम शान्ति र समर्पणको धर्म हो र मुसलमानहरु एक अल्लाह प्रति समर्पित वर्ग हुन । यि कुनै जातजाति होइनन । मुस्लिम समुदाय भित्र कुनै जातजाति छैनन । यिनका विश्व भरी एउटै संस्कृति, परम्परा र एउटै धार्मिक मान्यता रहेको छ । त्यसकारण यस समुदायको लागि धेरै मुलुकहरुले व्यक्तिगत कानून (Personal Law) को व्यवस्था पनि गरेका छन ।

नेपालको सन्दर्भमा हेर्दा मुस्लिम समुदाय धार्मिक अल्पसंख्यकको रुपमा तेश्रो स्थानमा रहेको छ । मुस्लिम समुदायको सामाजिक, आर्थिक, शैक्षिक अवस्था तलको तथ्याङ्कबाट प्रष्ट हुन्छ । त्यस कारण यस समुदायलाई राज्यले आफनो अभिन्न अङ्गको रुपमा स्विकार गरेन भने मुलुक जस्तो सुकै लोकतान्त्रिक प्रकृयामा फडको मारे पनि सो प्रकृया अधुरो र अपुरो रहने छ । एकै देशमा विभिन्न धर्म, भाषा, जाति वा उल्लेखित तीन वटै कुराको वा सबै कारणले एक समुदाय अर्को समुदायबाट भिन्न रहेको हुन्छ । त्यस्तो अवस्थामा एउटा समुदाय बहुसंख्यामा र अर्को समुदाय अल्पसंख्यामा रहेमा अल्पसंख्यकको संरक्षण गरिनु स्वभाविक हुन जान्छ । अल्पसंख्यकलाई सबै भन्दा पहिला League Of Nations ले परिभाषा गर्न खोजेको पाइन्छ । सामान्यतया जाति, धर्म तथा भाषाको आधारमा बहुसंख्यक समुदाय भन्दा फरक रहेको समुहलाई अल्पसंख्यक भनिन्छ । अर्को शब्दमा भन्ने हो भने जाति, धर्म वा भाषाको र सामान्यतया यि तीनै कुराको आधारमा एक राज्य भित्र बहुसंख्यकबाट भिन्न रहेको राष्ट्रिय समुहलाई अल्पसंख्यक भनिन्छ । संयुक्त राष्ट्र संघिय अल्पसंख्यक सम्बन्धी उपआयोगले अल्पसंख्यकहरुलाई गैर प्रमुख समुहहरु भनि बहुसंख्यक सरहको व्यवहार पाई संरक्षण पाउने समुहको रुपमा परिभाषा गरेको पाइन्छ । यस उप आयोगले सन् १९५१ मा मानव अधिकार सम्बन्धी आयोगमा पेश गरेको प्रतिवेदनमा संयुक्त राष्ट्र संघबाट संरक्षण गरिने प्रयोजनका लागि जातिय, धार्मिक कार्य वा भाषा सम्बन्धी आफनो परम्पराको कारणले बहुसंख्यकबाट भिन्न रहेको तथा आफनो पारम्परिक विसिष्टताको संरक्षण गर्न चाहने त्यस्ता गैर प्रमुख समुह भनी अल्पसंख्यकको परिभाषा गरेको पाइन्छ । अल्पसंख्यकको संरक्षणको सम्बन्धमा सन् १९१९ र १९२० मा चेकोस्लोभाकिया र पोल्याण्डसँग (जर्मन, रुसी, हंगेरियन का लागि) सन्धी

सम्पन्न गरिएका थिए । सन् १९१९ मा बुलगेरियामा रहेको ग्रिकहरुको लागि सन् १९२० मा ग्रिसमा बुलगेरियनका लागि सन्धी भई यि सन्धीहरु अल्पसंख्यकको संरक्षणको दायित्व League Of Nations लाई सुम्पेका थिए ।

उल्लेखित संक्षिप्त ऐतिहासिक पृष्ट भूमिले अल्पसंख्यक पनि मानव हुन यिनलाई बहुसंख्यक सरह बाच्न पाउने अधिकार रहेको कुरा छर्लङ्ग गरेको छ । यसै सन्दर्भमा नेपालमा बसोवास गरी आएका धार्मिक, अल्पसंख्यकको रुपमा रहेका मुस्लिम समुदायलाई भावी संविधानमा धार्मिक अल्पसंख्यक मुस्लिम समुदाय भनि सम्बोधन गरी उनिहरुको पहिचान र उनिहरुको जीवनको विसिष्टता र सास्कृतिक अधिकारको सुनिश्चिततताको प्रत्याभूति गरिनुको साथै राज्यले विभिन्न कानुनहरु निर्माण गरी यस समुदायको उत्थान गर्नु पर्दछ । धार्मिक अल्पसंख्यकलाई विभिन्न अन्तर्राष्ट्रिय अनुबन्ध, सन्धी र घोषणा पत्रहरुले आफनो दस्तावेज मार्फत संरक्षणको घोषणा गरेका छन । उक्त अनुबन्धहरु मध्ये केहीमा नेपालले हस्ताक्षर गरी सकेको छ र केही हस्ताक्षर गर्न बाँकी रहेको छ । सो को संक्षिप्त विवरण तल उल्लेख गर्न चाहन्छु ।

(१) **मानव अधिकारको विश्वव्यापी घोषणा पत्र सन् १९४८ः-** घोषणा पत्रको प्रस्तावनामा नै मावन परिवारको सबै सदस्यहरुको अन्तरनिहित मान सम्मान र अवछिन्न अधिकारहरुको मान्यता, स्वतन्त्रता, न्याय शान्ति भएको भन्ने उल्लेख छ । धारा २ र ३ मा जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनितिक वा अरु विचारले मानिस स्वतन्त्र हुने भनिएको छ । धारा १८ मा प्रत्येक व्यक्तिलाई विचार, अन्तस्करण र धर्मको स्वतन्त्रता प्रदान गरिएको छ । धारा २२ मा समाजको सदस्यको रुपमा प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको अधिकार, सम्मान एंव व्यक्तित्वको स्वतन्त्र विकासको निमित्त आवश्यक आर्थिक, सामाजिक र सास्कृतिक अधिकारहरु उपभोग गर्न पाउने अधिकार हुनेछ ।

(२) **सन् १९६६ मा पारित गरिएका आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार सम्बन्धी महासन्धीः-** भाग १ धारा १ मा सम्पूर्ण जनजातिलाई स्वनिर्णयको अधिकार हुनेछ । जसबाट स्वतन्त्रतापूर्वक आफना आर्थिक, सामाजिक तथा सास्कृतिक विकासमा लाग्ने अवसर प्राप्त हुनेछ । भाग २ धारा २ मा जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनैतिक अथवा अन्य विचार राष्ट्रिय अथवा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म अथवा अन्य अधिस्थानको आधारमा कुनै प्रकारको भेदभाव नगर्ने भनि राज्य पक्षले प्रतिज्ञा गरेको पाइन्छ । भाग ३ धारा ६ मा अधिकारको पूर्ण प्राप्तीको लागि आर्थिक, सामाजिक तथा सास्कृतिक विकास प्राप्त गर्ने निती तथा प्रविधी एंव व्यक्तिको मौलिक, राजनैतिक तथा आर्थिक स्वतन्त्रता सुरक्षा गर्ने प्रत्याभूति राज्य पक्षले दिने र धारा १५ मा प्रत्येक व्यक्ति सास्कृतिक जीवनमा सहभागी हुने अधिकार प्रदान गरिएको पाइन्छ ।

(३) **सन् १९६६ को नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी महासन्धीः-** धारा २७ मा जातिय, धार्मिक अथवा भाषिक अल्पसंख्यक भएका राज्यमा यस्ता अल्पसंख्यक मानिसलाई आफना समुहको समुदायसँग आफनो संस्कृति उपभोग गर्ने, आफनो धर्मको प्रचार तथा अभ्यास गर्ने अथवा आफनो भाषा उपभोग गर्ने अधिकारलाई नकारिने छैन भन्ने व्यवस्था रहेको पाइन्छ ।

(४) **जातिय भेदभाव विरुद्धको महासन्धी १९६६ः-** प्रस्तावनामा जातिय विभिन्नतामा आधारित वरिष्ठताको कुनै पनि सिद्धान्त वैज्ञानिक रुपले असत्य छ । नैतिक रुपले निन्दनिय छ । सामाजिक रुपले अन्यायपूर्ण र खतरनाक छ । सिद्धान्त र व्यवहारमा जातिय भेदको कुनै औचित्य छैन । जातिय आधारमा हुने भेदभाव मानव मात्रको बाधक हो । यसले मानिसहरुको विचमा रहेको सहिष्णुता खल्बल्याउछ भन्ने व्यवस्था भएको पाइन्छ भने सबै मानिस स्वतन्त जन्मेका छन प्रतिष्ठा र अधिकारमा सबै समान छन भन्ने मानव अधिकारको विश्वब्यापी घोषणा पत्रलाई स्विकारेको पाइन्छ । सन्धीको भाग १ धारा २ को उपधारा (२) मा परिस्थितीले माग गरेका बखत सामाजिक, आर्थिक, सास्कृतिक र अन्य क्षेत्रमा खास जातिय समुह वा व्यक्तिको उचित विकास र सुरक्षालाई सुनिश्चितता गर्न तिनलाई मानव अधिकार र आधारभूत स्वतन्त्रताको पूर्ण उपभोगको अंगिकार गर्ने उद्देश्यका लागि राज्य पक्षले विशेष र ठोस उपाउ अपनाउछन जुन उद्देश्यका लागि यि अपनाइएका हुन । ति उद्देश्य प्राप्त भएपछि यि उद्देश्यहरुले कुनै स्थितीमा पनि

विभिन्न जातिय समुहका लागि असमान वा छुट्टै अधिकार कायम गर्ने परिणाम कुनै पनि अवस्थामा आउने छैन ।

(५) **रङ्ग भेदको अपराधको दमन र दण्ड सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी सन् १९७३:-** प्रस्तावनामा जाति, भाषा वा धर्मको आधारमा कुनै पनि प्रकारको भेदभाव नगरी सबैका लागि मानव अधिकार र मौलिक स्वतन्त्रताहरुको विश्वब्यापी सम्मान र परिपालनाको प्राप्तीका लागि संगठनको सहयोगमा संयुक्त तथा छुट्टाछुट्टै कार्य गर्न सबै सदस्य राष्ट्रहरुले प्रतिज्ञा गर्दछन भन्ने उल्लेख गरिएको छ । धारा २ मा जातिय समुह वा समुहहरुको समुदायलाई जीवन स्वतन्त्रता हुने र अमानविय व्यवहार सजाय लगायतका कुनै पनि कार्य राज्यले गर्न नपाउने जातिय समुह वा समुहहरुको सदस्यहरुको लागि छुट्टै संरक्षण तथा जातिय सुविधाको श्रृजना गर्ने सम्बन्धी व्यवस्था गरिएको छ ।

(६) **महिला विरुद्ध हुने सबै किसिमको भेदभावहरुको उन्मुलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९७९:-** प्रस्तावनामा नै सबै मानिस स्वतन्त्र जन्मन्छन र समान छन । नारी पुरुष प्रतिष्ठा र मूल्यको आधारमा समान छन । राज्यको सबै आर्थिक, सामाजिक, सास्कृतिक, नागरिक र राजनितिक अधिकारको उपभोग गर्न पुरुष र नारीको समान अधिकार यो सन्धीले सुरक्षित गर्दछ भन्ने व्यवस्था गरिएको छ ।

एंव प्रकारले राष्ट्रिय वा जातिय, धार्मिक वा भाषागत अल्पसंख्यक भित्र पर्ने व्यक्तिहरुको अधिकारहरुको घोषणा पत्र सन् १९९२, अदिवासी जनजातिहरुको अधिकारको संयुक्त राष्ट्रसंघिय घोषणा पत्र सन् २००७ ले पनि धार्मिक अल्पसंख्यक भित्र पर्ने व्यक्तिहरुको अथवा वर्गको धार्मिक विशिष्टता र उनीहरुको जीवन पद्धतीलाई अंगिकार गर्न पाउने गरी राज्यहरुले कानूनी संरक्षण र कानूनी प्रत्याभूती गर्नु पर्ने व्यवस्था गरेको छ । त्यसै गरी अन्तर्राष्ट्रिय श्रम संगठन ILO महासन्धी १६९ को धारा ३ मा Convention States the Indigenous People have the right to enjoy the full measure of human rights of fundamental freedoms without hindrance or discrimination धारा ४ मा The convention also guarantees enjoyments of general rights of citizenship without discrimination. यस महासन्धीले जनजाति सिमान्तकृत पछाडी पारिएका र अल्पसंख्यक समुदायहरुको परम्परागत जीवन पद्धती, उनीहरुको भाषा, परम्परा र आफनो सामाजिक संघ संगठन समेत खोल्न पाउने अधिकारको ग्यारेण्टीको साथै राज्यहरुले उनीहरुलाई उक्त अधिकार उपभोग गर्न बाट बञ्चित गर्न नपाउने प्रत्याभूति गरिएको छ ।

**नेपालको सन्दर्भमा अल्पसंख्यक, पिछडिएका आदिवासी जनजाती सम्बन्धमा राज्यको तर्फबाट स्वीकार गरिएका दस्तावेजहरुः**

नेपालको सन्दर्भमा हेर्ने हो भने ने.का.प. माओवादी र नेपाल सरकार बिच सम्पन्न वृहत शान्ति सम्झौतामा दलित, उत्पिडित र पछाडी परेका वर्गहरुलाई राज्यको हरेक तह तथा निकायमा समावश गराउनु पर्ने उल्लेख भएको पाइन्छ भने नेपालको अनतरिम संविधान २०६३ मा राज्यको निती, निर्देशक सिद्धान्त अन्तर्गत वर्गीय, जातिय, भाषित, लैङ्गिक, संस्कृतिक, धार्मिक र क्षेत्रिय भेदभावको अन्त्य गर्दै महिला दलित, आदीवासी जनजाती मधेशी, उत्पिडीत र अल्पसंख्यक समुदायलाई राज्यको समावेशी र लोकतान्त्रीक संरचनामा समावेश गर्ने उल्लेख गरिएको छ । त्यसै गरी राज्यले महिला, दलित, आदीवासी, जनजाति, मधेशी, मुसलिम लगायत अल्पसंख्यक भूमिहीन सुकुम्वासी, कमैया, अपाङ्ग, पिछडिएका क्षेत्र तथा समुदायको लागि विशेष व्यवस्था गर्ने निती अवलम्बन गर्ने उल्लेख भएकोले मुस्लिम समुदायको समावेशी समानुपातिक सहभागीतालाई सुनिश्चित गरेको पाइन्छ । त्यसै गरी मधेश आन्दोलन हुँदा नेपाल सरकार र संयुक्त मधेशी मोर्चा बीच भएको सम्झौताले समेत आदिवासी, जनजाती, अल्पसंख्यकलाई समावेशीकरण गर्नु पर्ने प्रतयाभूती गरिएको छ । विगत २०६५ सालमा संयुक्त मुस्लिम संघर्ष समिति तथा

नेपाल सरकारको बिचमा भएको सम्झौतामा पनि मुस्लिम समुदायलाई समानुपातिक समावेशी गर्नु पर्ने कुरामा प्रतिबद्धता व्यक्त गरिएको छ ।

उपरोक्त उल्लेखित राष्ट्रिय तथा अन्तराष्ट्रिय दस्तावेजहरुको अध्ययनबाट के स्पष्ट हुन्छ भने राज्य क्षेत्र भित्र बसोवास गरेका जातिय, धार्मिक वा कुनै पनि रुपमा रहेको अल्पसंख्यक नागरिकहरुको सामाजिक, आर्थिक र सास्कृतिक अधिकार राज्यले सुनिश्चित गर्नु पर्ने कुरामा राज्य प्रतिबद्ध हुनु पर्दछ । हाम्रो मुलुक विविध जातजाति, भाषा र सास्कृतिक विविधता भएको मुलुक भएकोले सास्कृतिक रुपले मुस्लिम समुदायको पहिचान भावी संविधानमा छुट्टै गराउँदा अर्न्राष्ट्रिय समुदायमा यसको सकारात्मक सन्देश प्रवाह हुनेछ । मुस्लिम समुदायलाई धार्मिक अल्पसंख्यकको रुपमा पहिचान गराउदा अन्तर्राष्ट्रिय दस्तावेजहरुको आधारमा कुनै प्रकारले बाधाव्यवधान हुने अवस्था देखिदैन । तसर्थ भावी संविधानमा धार्मिक अल्पसंख्यकको रुपमा रहेका मुस्लिम समुदायको निम्न लिखित अधिकारहरु सुनिश्चित गर्नु पर्ने देखिन्छ ।

(१) नेपालमा मुस्लिम समुदायको समेत बसोवास रहेको छ भन्ने कुरा धेरै मुलुकलाई थाहा छैन । अन्तर्राष्ट्रिय स्तरमा यस समुदायको पहिचान गराउन र मुलुकको प्रतिष्ठामा समेत अभिवृद्धि गर्न भावी संविधानमा **"धार्मिक अल्पसंख्यक मुस्लिम समुदाय"** भनी प्रस्तावनामा तथा मौलिक हकको महलमा अल्पसंख्यकको अधिकार भनि सम्बोधन गरी र अन्य सम्बन्धीत धारामा समेत अल्पसंख्यक मुस्लिम समुदाय भनि उल्लेख गरिनु पर्दछ ।

(२) मुस्लिम समुदायको विभिन्न समस्याहरुको अध्ययन, अनुसन्धान र निरक्योलको लागी तथा आवश्यक कुरामा सरकारलाई सिफारिस गर्न मुस्लिम समुदायको उत्थान र विकास समेतको लागि संविधानमा नै संवैधानिक निकायको रुपमा **मुस्लिम विकास एंव उत्थान आयोग**को व्यवस्था गरिनु पर्दछ । उक्त आयोगले मुस्लिम समुदायको विभिन्न क्षेत्रको अध्ययन गरी समुदायसँग आवश्यक कुराको सम्बन्धमा विभिन्न कार्यक्रमहरुको माध्यमबाट संवाद गरी आवश्यक कानूनहरु निर्माण गर्न सम्बन्धीत निकायलाई सिफारिस गर्न मद्दत पुग्नेछ ।

(३) नेपालमा मुस्लिम समुदायको सामाजिक, सास्कृतिक तथा धर्मिक कुराहरुसँग सम्बन्धीत विभिन्न समस्याहरु विद्यमान रहेका छन । जस्तो मुस्लिमहरुको धार्मिक र सामाजिक समस्याको रुपमा विवाह, सम्बन्ध विच्छेद र अपुतालीका कुराहरु देखिएका छन । नेपाल कानून अनुसार हेर्ने हो भने उनीहरुको ती सामाजिक र धार्मिक कृयाकलापहरु कानूनसँग बाझिने गरेका छन र समाजमा विभिन्न किसिमका अप्ठयाराहरु श्रृजना भई रहेका छन । त्यस कारण मुस्लिम समुदायको व्यक्तिगत कानूनलाई **मुस्लिम पारिवारिक कानून**को रुपमा मान्यता पाउने गरी छुट्टै कानून बनाउन सकिने विशेष व्यवस्था संविधानमा प्रत्याभूत गरिनुका साथै **मुस्लिम पर्सनल ल बोर्ड**को स्थापना हुन सक्ने संवैधानिक प्रत्याभूति संविधानमा गरिनु पर्दछ ।

(४) मुस्लिम समुदायको धार्मिक स्थलहरु मस्जिद, इदगाह, कबरिस्तान, करबला, दरगाहको संरक्षण गर्न सकिने विशेष कानून निर्माण गर्न सकिने संविधानमा प्रत्याभूति हुनु पर्दछ ।

(५) राज्यको प्रत्येक अङ्ग र निकायमा मुस्लिम समुदायको वस्तुगत उपस्थिती एंव सहभागीता गराउन विशेष कानून निर्माण गर्न सकिने वा विशेष व्यवस्था गर्न सकिने तथा एउटा निश्चित अवधी सम्म यस समुदायलाई आरक्षणको व्यवस्था गर्न सकिने गरी संविधानमा प्रत्याभूति गरिनु पर्दछ ।

(६) नेपाल सरकारबाट र जिल्ला विकास समिति, नगरपालिका एंव गा.वि.स. तथा शिक्षा कर्यालयबाट प्राप्त हुने विभिन्न आर्थिक प्याकेजहरु विभिन्न समुदायलाई भए पनि मुस्लिम समुदायलाई नभएको देखिदा मुस्लिम समुदायको लागि छुट्टै प्याकेज ल्याउन सकिने संवैधानिक प्रत्याभूतिको साथै यस सम्बन्धमा छुट्टै कानून बनाउन सकिने गरी संविधानमा प्रत्याभूति गरिनु पर्दछ ।

(७) मुस्लिम समुदायको प्रारम्भिक शिक्षा धार्मिक पाठशाला (मदरसा) बाट शुरु हुने भएकोले मदरसा शिक्षालाई मुल प्रवाहिकरणमा ल्याउन र मदरसा शिक्षालाई नेपालको शिक्षा प्रणालीसँग मेल खाने गरी कानून बनाउन सकिने गरी सबैधानिक प्रत्याभूति गरिनु पर्दछ ।

(८) अन्य समुदायलाई जस्तै मुस्लिम समुदायको महिला, बच्चा, विधवालाई सामाजिक सुरक्षा भत्ताको व्यवस्थाका साथै मुस्लिम महिलाहरुको नेतृत्व विकासको लागि छुट्टै कार्यक्रम ल्याउन सकिने कानूनको निर्माण हुन सक्ने संविधानमा प्रत्याभूति गरिनु पर्दछ ।

(९) मुस्लिम महिलाहरु सहशिक्षा प्रणाली अर्न्तगत उच्च शिक्षा ग्रहण गर्न पछाडी परि रहेको परिप्रेक्षमा मुस्लिम महिलाहरुको लागि एस.एल.सी. देखि माथी को शिक्षा ग्रहण गर्न छुट्टै महिला कलेजको व्यवस्था गर्न कानून बनाउन सकिने गरी संवैधानिक प्रत्याभूति गरिनु पर्दछ ।

(१०) मुस्लिम समुदायलाई मधेशीको सूचीबाट हटाई यो समुदायको छुट्टै पहिचान हुने गरी संविधानमा अनुसूचीको व्यवस्था गरिनु पर्दछ ।

(११) संविधानमा राखिने राजनैतिक दल सम्बन्धी व्यवस्थामा यो समुदायको मानिसहरु हरेक तहको राजनैतिक पार्टीको निर्वाचनमा निर्वाचित हुन सक्ने गरी राजनैतिक दलहरुले विधानमा व्यवस्था गर्नु पर्ने र राज्यले निर्माण गर्ने निर्वाचन सम्बन्धी कानूनमा पनि हरेक तहको निर्वाचनमा यस समुदायको व्यक्तिहरु निर्वाचित हुन सक्ने गरी छुट्टै अनुसूचीको व्यवस्था हुने गरी कानून निर्माण गर्नु पर्ने संवैधानिक व्यवस्था गरिनु पर्दछ ।

नेपालमा धार्मिक अल्पसंख्यकहरुको वर्तमान अवस्था निम्न तथ्याङ्कबाट स्पष्ट हुन्छ ।

| **धर्म** | **जनसंख्या** | **प्रतिशत** |
|---|---|---|
| हिन्दु | १८३३०१२१ | ८०.६२ |
| बुद्ध | २४४२५२० | १०.७४ |
| इस्लाम | ९५४०२३ | ४.२० |
| क्रिसचियन | १०१९७६ | ०.४५ |
| किँराती | ८१८१०६ | ३.६० |
| जैन | ४१०८ | ०.०२ |
| सिख्क | ५८९० | ०.०२ |
| बहाई | १२११ | ०.००५ |

- यो तथ्याङ्क २०५८ सालको जनगणनामा आधारित रहेको छ ।

**निष्कर्ष:** निश्चय नै नेपालको इतिहाशमा मुस्लिम समुदायको ठूलो योगदान रहेको छ । यो समुदायमा गरिबी, अशिक्षाको कारण समुदाय पछाडी परेको छ । लोकतन्त्रको बहाली हुनु भन्दा अगाडी समुदायको समावेशी नगणय रुपमा रहेको र हाल लोकतान्त्रीक गणतन्तको स्थापना पश्चात पनि यो समुदायको अवस्था निरासा जनक छ । नेपालको कुल जनसंख्याको झण्डै ५% जनसंख्या रहेको कुरा केन्द्रिय तथ्याङ्क विभागले देखाए पनि पहाडी क्षेत्रमा बसोवास गरेका मुस्लिम समुदाय भित्र पर्ने चुरेटा मुस्लिमहरुलाई अन्य समूहमा समावेश गरिएको हुँदा तथ्याङ्क भन्दा वास्तविक संख्या बढने देखिन्छ । जे होस मुस्लिम समुदायको केही आफनै कारण र सब भन्दा बढी राज्यको तर्फबाट यस समुदायलाई ध्यान नदिएको कारण हाल सम्म यो समुदाय पछाडी परेको स्थिती छ । अब निर्माण हुने लोकतान्त्रीक गणतन्त्रात्मक संविधानमा पनि समुदायलाई पछाडी पारियो भने यो समुदाय स्वभाविक रुपले पछाडी पर्ने देखिन्छ । त्यस कारण आगामी संविधानमा समुदायको वस्तुगत उपस्थिती हुन सक्ने किसिमको हरेक उपाय अवलम्बन गर्नु पर्ने देखिन्छ ।

**॥ अस्तु ॥**